\

आज मिति २०७८।४।३० गतेका दिन रोल्पा नगरपालिकाको, कार्यपालिका बैठक नगर प्रमुख श्री सुरेन्द्र थापा (घर्ति) ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

उपस्थिति :

श्री सुरेन्द्र थापा (घर्ति) – अध्यक्ष (नगर प्रमुख)
श्री गीता आचार्य – सदस्य नगर उपप्रमुख
श्री खुम बहादुर थापा – वडाअध्यक्ष वडा नं १
श्री प्रकाश डाँगी – " २
श्री राजकुमार पुरी – " ३
श्री मित्रलाल गुरुङ – " ४
श्री तोप बहादुर नेपाली – " ५
श्री तुल बहादुर घर्ती – " ६
श्री लाल बहादुर घर्ती – " ७
श्री हर्क बहादुर डाँगी – " ८
श्री भिम बहादुर घर्तिमगर – " ९
श्री मतिलाल डाँगी – " १०
श्री खती घर्ती – कार्यपालिका सदस्य
श्री सुनिता आचार्य – "
श्री देव बहादुर सुनार – "
श्री तिपर्ना पुन – "
श्री मीना घर्ती – "
श्री माला रोका – "
श्री हरि बहादुर वि.क. – "
श्री नारायण प्रसाद भण्डारी – सदस्य सचिव (प्र.प्र.अ)

अन्य उपस्थिति :

श्री महेन्द्र पराजुली (उपसचिव / शिक्षा युवा खेलकुद शाखा)
श्री देवी गुरुङ – प्रेस संयोजक

रोल्पा नगरपालिकाको वडा नं ४ मा रोल्पा नगरपालकाद्धारा निर्माण गरिएको हाट बजार स्थल(सेड) को उपयोग सम्बन्धमा निम्नानुसार गर्ने

- कृषि तथा पशुजन्य वस्तु बिक्री गर्न उक्त स्थल प्रयोग गर्ने ।
- हाल हप्ताको १ दिन सञ्चालनमा रहेको हाटलाई हप्ताको २ पटक आईतवार र बिहिवार सञ्चालन गर्ने ।
- नगरपालिकाको ढुवानी गर्ने कृषि तथा पशुजन्य सामग्रीको हकमा रु १ प्रतिकिलो ढुवानी महसुल संकलन गर्ने ।

५. सार्वजानिक सुनवाई

नगरपालिकाको तथा वडा कार्यालयहरुले सम्पादन गर्ने सेवा प्रवाह,विकास आयोजना व्यवस्थापन, अन्तर निकाय सहकार्य, राजश्व परिचालन, फोहोरमैला व्यवस्थापन लगायतका सम्पूर्ण विषयहरुमा नागरिकका गुनासा, पिरमर्का, सुझाव तथा पृष्ठपोषण प्राप्त गरी जवाफदेहिता बहन गरी सुशासन प्रवर्द्धन गर्न नेपाल पत्रकार महासंघ जिल्ला शाखा रोल्पाको सहजीकरणमा मिति २०८०/०४/३१ गते नेपाल उद्योग वाणिज्य संघ रोल्पाको सभाहलमा सार्वजानिक सुनुवाई कार्यक्रम गर्ने । उक्त कार्यक्रमको व्यवस्थापन नगर कार्यपालिकाको कार्यालयले गर्ने ।

६. जर्सी गाई खरिद

रोल्पा नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेटमा व्यवस्था भए बमोजिम मिल्क करिडोरमा परेका वडाहरुमा जर्सी गाई वितरण गर्न ६० वटा गाई खरिद गर्ने । सो सम्बन्धमा व्यवस्था गर्न संलग्न उन्नत गाई/भैसी पालन कार्यविधि, २०८० स्वीकृत गरी सोही कार्यविधि बमोजिम कृषक छनौट र अनुदानको प्रवन्ध मिलाउने ।

७. नदीजन्य पदार्थ व्यवस्थापन

रोल्पा नगरपालिकामा उपलब्ध नदीजन्य पदार्थ र ढुंगा, गिट्टी, बालुवाको उत्खनन् गर्ने प्रयोगजनका लागि प्रारम्भिक वातावरणीय परिक्षण IEE भई सकेको छ । उक्त IEE को प्रतिवेदनमा उल्लेख भएको स्थान र परिक्षण संघीय तथा प्रदेश कानूनको प्रक्रिया पुरा गरी उत्खनन्, बिक्री वितरण गर्न ठेक्का लगाउने ।

८. कृषि अधिकृत र रोजगार सहायक भर्ना

रोल्पा नगरपालिकाको आ.व. २०८०/८२ को नगर सभाबाट स्वीकृत वार्षिक बजेटमा सशर्त कार्यक्रम तर्फ कृषि अधिकृत र रोजगार सहायकको वार्षिक तलव भत्ताको व्यवस्था भएको र हाल उक्त पद रिक्त रहेकोले सो सम्बन्धमा निम्नानुसार गर्ने ।

- कृषि अधिकृत भर्नाका लागि निम्नानुसार सूचना प्रशासन गरी भर्ना प्रक्रिया अगाडि बढाउने ।
- गत आ.व.मा सूचना प्रकाशन गरी दरखास्त दिएका रोजगार सहायक पदका संक्षिप्त सूचीमा रहेका परीक्षार्थीको प्रक्रिया अगाडि बढाई नियुक्त गर्ने ।

लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

लैंगिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवदेन सम्बन्धमा कार्यपालिकामा प्रस्तुतीकरण तथा छलफल भयो । सो सम्बन्धमा उक्त प्रतिवेदन पारीत गरी नगर कार्यपालिकाको वेभसाईटमा प्रकाशन गरी सम्बन्धित निकायमा जानकारी गराउने।

उपभोक्ता समितिको स्थायी लेखा खारेजी

नगरपालिकामा विगतमा विकास निर्माणका काममा गठन भएका उपभोक्ता समितिले स्थायी लेखा नम्बर(PAN) लिएका/साल वसाली रुपमा फरक स्थानमा उपभोक्ता समिति बनी पुराना उपभोक्ता समिति काम विहिन भई औचित्य सकिएकोले नविकरण लगायत प्रशासनिक दायित्व बढी रहने भएकोले उपभोक्ता समितिहरुको PAN नम्बर खारेजी गर्न नगरपालिकाले आवश्यक व्यवस्थापन मिलाउने ।

असहाय वेवारिसे व्यक्ति व्यवस्थापन

नगरपालिका भित्र रहेका असहाय वेवारिसे व्यक्तिहरुको व्यवस्थापन गर्न पुनःस्थापना केन्द्र निर्माण गर्ने । असाहाय तथा वेवारिसे व्यक्तिहरुको पुनःस्थापना केन्द्र बनाउने प्रयोजनका लागि स्थान छनौट लगायतका विषयमा सहजीकरण गर्न नगर उपप्रमुखको संयोजकत्वमा सामाजिक विकास समितिको संयोजक, ... शाखा प्रमुख, प्राविधिक शाखा प्रमुख सदस्य रही महिला विकास शाखाको शाखा प्रमुख सदस्य सचिव रहेको समिति गठन गर्ने । उक्त समितिको संयोजकले उपयुक्त ठानेका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आमन्त्रण गर्न सकिने ।

CamScanner